**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची १४**
(नियम २२ को उपनियम २ सँग सम्बन्धित)

# आ.ब. २०६९।०७० को दोस्रो त्रैमासिक प्रतिबेदन

**१) वित्तीय विवरण :**

क) यस विकास बैंकको वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :

यस विकास बैंकको दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. ३७.९९ (बार्षिक) | प्रति शेयर कुल सम्पत्तिको मूल्य | रु. १,४९०.०८ |
| मूल्य आम्दानी अनुपात | ७.११ (बार्षिक) | तरलता अनुपात | २८.११ प्रतिशत |
| प्रति शेयर नेटवर्थ | रु. १३४.४८ | पूँजीकोष अनुपात | १२.११ प्रतिशत |

**२) व्यवस्थापकिय विश्लेषण :**

**क) त्रैमासिक अबधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

त्रैमासिक अवधिमा यस विकास बैंकको वित्तीय स्थिति व्यवस्थापनले प्रक्षेपण गरे अनुरुप नै रहेको छ । समिक्षा अवधिमा गत अवधिको तुलनामा ज्यादै उत्साहजनक प्रगती हासील गर्दै संस्थाले कूल रु. ३,०७५,८७८ हजार निक्षेप संकलन गरेको र कर्जा तर्फ रु. २,६३१,०२७ हजार लगानी गरेको छ भने रु. ४६,५३४ हजार खुद मुनाफा कमाउन सफल भएको छ । संस्थाको तरलता अनुपात, कर्जा निक्षेप अनुपात लगायत मौज्दात र आम्दानीको अवस्था सवल रहेको छ ।

**ख) आगामी अबधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापकको बिश्लेषणात्मक विवरण :**

१. विकास बैंकको कार्यक्षेत्र स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बाग्लुङ्ग, चितवन, नवलपरासी, रुपन्देही, पाल्पा र गुल्मी रहेकोमा निकट भविष्यमै रुपन्देहीको बुटवल, चितवनको नारायणगढ, बाग्लुङ्गको लोकतान्त्रिकचोक र स्याङ्जाको चापाकोट मा ४ नयाँ शाखाकार्यालयहरु संचालन गरि व्यवसायिक संजाल विस्तार गर्ने, नयाँ व्यवसायिक योजनाको विकास गरि वित्तीय लगानीका नयाँ क्षेत्रहरुको खोजी गर्ने साथै कृषी, उर्जा, पर्यटन, पूर्वाधार विकास एवं साना तथा मझौला उधोग धन्दा लगायत राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरुमा व्यवसाय विविधिकरण गरि थप लगानी विस्तार गर्ने एवं समय सापेक्ष ग्राहकमुखी नयाँ सेवा सुविधाहरु थप गर्दै जाने संस्थाको कार्ययोजना रहेको छ ।

२. जनता बैंकमा होईन, बैंक जनतामा जानुपर्छ भन्ने मुल मान्यताका साथ शहरी तथा ग्रामिण क्षेत्रमा बसोबास गर्ने पूँजीको अभावमा व्यावसाय संचालन गर्न नसकेका विपन्न, जागरुक एवं उद्यमशिल महिलाहरुलाई आत्मनिर्भर बनाई गरिबी निवारण तथा वित्तीय पहुँचमा अभिवृद्धि गराउन Micro Banking (विना धितो लगानी) सेवा थप विस्तार गरि आफ्नो कार्यक्षेत्र भित्रका प्रत्येक गा.वि.स. हरु समेट्दै जाने योजना रहेको छ ।

३. समयको माग र आवश्यकता अनुसार ग्राहकहरुलाई छिटो छरितो बैकिङ्ग सेवा सुविधा उपलब्ध गराई अत्याधुनीक बैंकिङ्ग सुविधा दिने उदेश्यले Modern Banking शाखाहरुमा ई-बैंकिङ्ग लगायतका थप सेवा सुविधाहरु उपलब्ध गराउने योजना रहेको छ ।

**ग)** विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन तथापी अर्थव्यवस्थाका समग्र गतिविधिहरुबाट वित्तीय संस्था पनि प्रभावित हुने भएकाले सोहि अनुरुप वित्तीय कारोवार प्रभावित भईरहेको छ ।

**३. कानुनी कारवाही सम्बन्धी :**

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : नभएको ।

ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : यस सम्वन्धमा कुनै जानकारी प्राप्त नभएको ।

ग) कुनै सञ्चालक वा संस्थापक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : यस सम्वन्धमा कुनै जानकारी प्राप्त नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) धितो पत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : यस संस्थाको हालको अधिकृत पूँजी रु. १ अर्ब, जारी पूँजी रु. २४ करोड ५० लाख तथा चुक्ता पूँजी समेत रु. २४ करोड ५० लाख नै रहेको छ । संस्थाका सम्पूर्ण शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भै धितो पत्र विनिमय बजारमा शेयरको कारोबार तथा मूल्य खुला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ भने विगतमा देखिएको विश्वव्यापी मन्दी, देशको तरल राजनैतिक अवस्था, अस्थिर सरकारी नीति एवं लगानीकर्ताहरुमा देखिएको नकरात्मक मनोबैज्ञानीक असरका कारण धितो पत्र बजारमा देखिएको शिथिलताका बाबजुद पनि यस संस्थाको शेयर कारोबार सन्तोषजनक नै रहेको छ जसलाई महत्वपूर्ण उपलब्धि को रुपमा लिएका छौं । साथै शेयर खरिदकर्ता र बिक्रेताबीच खुला बजारले निर्धारण गरेअनुरुप हुने स्वस्थ प्रतिस्पर्धाबाहेक संस्थाले मूल्यलाई असर पार्ने गरी कुनै भुमिका खेलेको छैन । साथै प्रचलित नीति नियम अनुसार सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनुपर्ने सूचना तथा जानकारी संस्थाले समयमा नै उपलब्ध गराएको छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : यस अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु. ३०१ | कुल कारोबार भएको दिन | ४५ दिन |
| न्युनतम मूल्य | रु. २१३ | कुल कारोबार शेयर संख्या | ३०,०७० (कित्ता) |
| पौष मसान्तको अन्तिम मूल्य | रु. २७० | कुल कारोबार संख्या | २३९ |

(नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com अनुसार)

**५) समस्या तथा चुनौती :** यस विकास बैंकले वहन गरेको आन्तरीक तथा बाह्य समस्या तथा चुनौतीहरु निम्न बमोजिम रहेका छन् ।

**क) आन्तरीक समस्या तथा चुनौती :** बैंकिङ्ग क्षेत्रमा देखिएको तिव्र प्रतिस्पर्धा, अधिक तरलता एवं लगानीयोग्य उत्पादनशील क्षेत्रको अभाव, निक्षेप, कर्जा तथा लगानीको ब्याजदरको परिवर्तनबाट उत्पन्न हुन सक्ने जोखिमहरु लगायत बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुनु जस्ता आन्तरीक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा संस्थाको मुनाफा वृद्धिदर कायम राखिराख्नु थप चुनौतीपुर्ण रहेको छ ।

**ख) बाह्य समस्या तथा चुनौती :** देशको संक्रमणकालीन राजनैतिक अवस्था, न्युन आर्थिक बृद्धिदर, लगानी मैत्री वातावरणको अभाव, औधोगीक तथा व्यापारीक क्षेत्रमा व्याप्त श्रम समस्या, उर्जा संकट, अस्थीर व्यावसायिक कानुनी वातावरण, घर जग्गा कारोवार लगायत शेयर बजार समेत ओह्रालो लागेको कारण कर्जा असुलीमा केहि समस्या, विश्वव्यापी आर्थिक मन्दीको अझै असर लगायत बारम्बार हुने बन्द हडताल जस्ता क्रियाकलापले वित्तीय व्यावसायमा प्रतिकुल असर पार्नु प्रमुख बाह्य समस्याहरु हुन् । यस्ता समस्याहरु विद्यमान रहेको अवस्थामा संस्थाको कारोबार विस्तार गर्नु थप चुनौतीपुर्ण छ ।

**ग) रणनीति :**

उल्लेखित समस्या तथा चुनौतीहरु सामना गर्न गाउँ गाउँमा लघुवित्त फैलाउँ, गरिबी र विपन्नता हटाउँ भन्ने मुल मर्मका साथ लगानी विविधिकरण गरी माइक्रो बैंकिङ्ग मार्फत सामुहिक जमानीमा जागरुक तथा उद्यमशिल महिलाहरुलाई स-सानो ऋण रकम प्रवाह गरी देशको गरीवी निवारण एवं वित्तीय पहुँच अभिवृद्धिमा ठोस योगदान पु-याउने साथै कृषि, उर्जा शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका प्राथमिकताप्राप्त क्षेत्रहरुमा लगानी बढाउने, तरल अर्थ-राजनैतिक अवस्थाको गहन विश्लेषण गरी विद्यमान व्यवसायिक रणनीतिमा परिमार्जन गर्ने, दक्ष जनशक्ती विकासका लागि तालिम लगायत वृत्ति विकासका कार्यक्रमहरु संचालन गर्ने, व्याजदर परीवर्तनको प्रभावलाई न्युनीकरण गर्दै जाने साथै तिव्र प्रतिस्पर्धाको बिच संस्थाको पहिचान उच्च राख्नको लागि संस्थाले विभिन्न संघ-संस्था लगायत व्यक्तिगत ग्राहकहरुसँग सुमधुर सम्बन्ध स्थापीत गरि संस्था प्रति आवद्ध गराईराख्नको लागि छिटो एवं छरितो तवरले ग्राहकमुखी सेवा सुविधाहरु उपलब्ध गराउनु नै चुनौती समाधान गर्ने आफ्नो रणनीति मानेको छ र यस प्रति विकास बैंक व्यवस्थापन चनाखो भई उल्लेखित समस्याहरुबाट सम्भावित हानी नोक्सानी हुन नदिन वा न्युन गर्न प्रतिवद्ध छ ।

**६) संस्थागत सुशासन :**

**संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण :**

क) संस्थाले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएका संस्थागत सुशासन सम्बन्धी निर्देशनहरुको पूर्ण रुपमा पालना गरिरहेको छ साथै संस्थागत सुशासन अभिवृद्धिको लागि आन्तरीक नियन्त्रण प्रणाली व्यवस्थीत गर्न स्वतन्त्र आन्तरीक लेखापरीक्षक नियुक्त गरिएको तथा प्रत्येक त्रैमासको आन्तरीक

लेखापरीक्षण गराई लेखा परीक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई व्यवस्थापन मार्फत कार्यान्वयन गराउन लेखापरीक्षण समिति सदैव क्रियाशील रहेको छ ।

ख) संचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु तर्जुमा गरि लागु गरिएको छ । कारोवारलाई छिटो-छरितो, चुस्त, पारदर्शि तथा बैज्ञानिक बनाउन संचालक समिति, व्यवस्थापन समिति (Executive Committee), जोखिम व्यवस्थापन समिति, लेखा परीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति लगायतका विभिन्न समितिहरु क्रियाशील रहेका छन् ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आबश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।